Emerging Nepal

इमर्जिङ्ग नेपाल लिमिटेड
काठमाडौं, नेपाल ।

२०८२/०९/२८ गते (तद्नुसार १२ जनवरी, २०२६) सोमबार का दिन सम्पन्न

# दशौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका

आर्थिक वर्ष २०८१/८२

Emerging Nepal
इमर्जिङ्ग नेपाल लिमिटेड

**इमर्जिङ्ग नेपाल लिमिटेडको**

**दशौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (निर्णय माईन्युट)**

**(पाना नं. १ देखि ८ सम्म)**

१. **वैधानिक सभा :**

इमर्जिङ्ग नेपाल लिमिटेडको मिति २०८२ साल मंसिर २८ गते (तदनुसार १४ डिसेम्बर, २०२५) आइतबार बसेको सञ्चालक समितिको १०४ औं बैठकको निर्णयानुसार बोलाईएको दशौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री केशव प्रसाद भट्टराईज्यूको अध्यक्षतामा बसी देहाय बमोजिम निर्णय गरी सु-सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय :**

मिति : २०८२ पौष २८ गते , सोमबार (तदनुसार १२ जनवरी , २०२६)

स्थान : काठमाडौं ब्याङ्क्वेट प्रा.लिं, नयाँ बानेश्वर, थापागाउँ, काठमाडौं ।

सभा शुरु हुने समय : बिहान ९:३० बजे ।

३. **उपस्थिति :**

**सञ्चालकहरुको उपस्थीति**

| | | |
|---|---|---|
| श्री केशव प्रसाद भट्टराई | संस्थापक समुह | अध्यक्ष |
| श्री थान प्रसाद पंज्ञानी | संस्थापक समुह | सञ्चालक |
| श्री अशोक कुमार अग्रवाल | संस्थापक समुह | सञ्चालक |
| श्री विनोद आत्रेय | संस्थापक समुह | सञ्चालक |
| सुश्री रक्षा भेटुवाल | संस्थापक समुह | सञ्चालक |
| श्री विकास सिलवाल | सर्वसाधरण समूह | सञ्चालक |
| श्रीमती शर्मिला श्रेष्ठ महर्जन | स्वतन्त्र | सञ्चालक |

**पदाधिकारीहरुको उपस्थिति :**

श्री विशाल उप्रेती - प्रमुख कार्यकारी अधिकृत

श्री रमेश भण्डारी - कम्पनी सचिव

साथै, कम्पनीको शेयर रजिष्ट्रार एन आई सी एशिया क्यापिटल लिमिटेडको तर्फबाट प्रतिनिधी श्री दामोदर रायमाझी तथा कम्पनीका पूर्व अध्यक्ष श्री लालमणी जोशीज्यूको उपस्थिति रहेको थियो ।

४. **सभाको सूचना तथा आवश्यक विवरण :**

Emerging Nepal
इमर्जिङ्ग नेपाल लिमिटेड

मिति २०८२/०८/२८ गते बसेको यस कम्पनीको सञ्चालक समितिको १०४ औं बैठकले मिति २०८२ पौष २८ गते, सोमबारका दिन बिहान ९:३० बजे दशौं वार्षिक साधारण सभा बोलाउने निर्णय गरे अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ र यस कम्पनीको नियमावली बमोजिम सभा हुने मिति, समय, स्थान र छलफल गर्ने विषयहरु समेत उल्लेख गरी मिति २०८२/०९/०४ को सौर्य दैनिक पत्रिकामा र २०८२/०९/१६ को आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी दशौं वार्षिक साधारण सभा सम्बन्धी जानकारी गराईएको थियो । साथै कम्पनीको वेवसाइट www.emergingnep.com मा पनि साधारण सभा सम्बन्धी सूचना हेर्न सकिने व्यवस्था रहेको थियो ।

**५. सभामा भएका छलफलका विषयहरु :**

**छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची**

**(क) सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ असाढ मसान्तसम्मको वासलात र आ.व. २०८१/८२ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

३. यस कम्पनी तथा कम्पनीको सहायक कम्पनी इमर्जिङ्ग भेन्चर लि. तथा होटल एलिस द वन्डर इन लि. को आ.व. २०८१/८२ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।

४. सञ्चालक समितिले पारित गरे बमोजिम कम्पनीको शेयरधनी महानुभावहरुलाई गत आ.व. २०८१/८२ को अन्त्यसम्मको मुनाफा तथा संचित कोषबाट हाल कायम चुक्ता पूँजी रु.५५,५६,००,०००/- (अक्षरेपी पचपन्न करोड छपन्न लाख मात्र) को ५.२६३१५% बराबरको नगद लाभांश (कर प्रयोजन सहित) वितरण गर्न स्वीकृत गर्ने ।

५. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/८३ का लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

६. कम्पनीको रजिष्टर्ड कार्यालय स्थानान्तरण भएको संचालक समितिको निर्णय अनुमोदन गर्ने ।

७. कम्पनीको संचालक समितिमा भएको फेरबदल अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।

२. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियमनकारी निकाय वा कार्यालयले कुने फेरवदल संशोध परिमार्जन गर्न वा मिलाउन कुने सुझाव वा निर्देशन दिएमा सोहि अनुरुप आवश्यक फेरबदल गर्न कम्पनीको संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध :**



Emerging Nepal
इमर्जिङ्ग नेपाल लिमिटेड

६. शेयरधनीहरुको उपस्थिति :

| कुल शेयर संख्या | स्वयं उपस्थित शेयरधनी संख्या | प्रतिनिधिपत्रद्वारा उपस्थित शेयरधनी संख्या | जम्मा उपस्थित शेयरधनी संख्या | उपस्थित कुल शेयर संख्या | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| ५५,५६,००० | २३ | २२ | ४५ | ३७८९२९८ | ६८.२०% |

७. गणपूरक संख्या एवम् बैधानिकता :
सभाको प्रारम्भमा कम्पनी सचिव श्री रमेश भण्डारीले यस साधारण सभा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा कम्पनीको नियमावली बमोजिम बोलाइएको र यस सभामा कम्पनीको शेयर रजिष्ट्रार श्री एन आई सी एशिया क्यापिटल लिमिटेडका पदाधिकारीले दिनुभएको जानकारी अनुसार शेयरधनी महानुभावहरुको प्रतिनिधित्व तथा उपस्थितिबाट कम्पनी ऐन, २०६३ को दफा ६९, दफा ७३ तथा कम्पनीको नियमावली बमोजिम गणपूरक संख्या पुग्न गएको हुँदा दशौं वार्षिक साधारण सभा वैधानिक रहेको घोषणा गर्नुभयो ।

८. सभाको अध्यक्षता, आसन ग्रहण र सभा संचालन :
गणपूरक संख्या पुगेको र साधारण सभा वैधाानिक रहेकोले सभाको कार्यक्रम संचालनकर्ता समेत रहनुभएका कम्पनीका कम्पनी सचिव श्री रमेश भण्डारीले कम्पनी ऐन २०६३ को दफा ७४ (१) तथा कम्पनीको नियमावली बमोजिम साधारण सभाको अध्यक्षता गरिदिनुहुन सञ्चालक समितिका अध्यक्ष श्री केशव प्रसाद भट्टराईज्यूलाई अनुरोध गर्नुभए बमोजिम अध्यक्षज्यूले सभाको अध्यक्षता ग्रहण गर्नुभयो । ततपश्चात्, कम्पनीका सञ्चालक समितिका सञ्चालकज्यूहरु, नियमनकारी निकायका प्रतिनिधि लगायत आमन्त्रित शेयरधनी महानुभावहरुलाई आसन ग्रहण गराउनुभयो । तत्पश्चात्, राष्ट्रिय गान बजाई र दीप प्रज्वलन गरी साधारण सभा विधिवत रुपमा प्रारम्भ भयो ।

९. अध्यक्षज्यूको मन्तव्य :
कार्यक्रम संचालनकर्ताले अध्यक्षज्यूलाई आफ्नो मन्तव्य राख्न अनुरोध गर्नुभए बमोजिम अध्यक्षज्यूले सभामा पाल्नुभएका सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत सभामा आमन्त्रित सबैलाई स्वागत गर्दै सभा समक्ष संलग्न वार्षिक प्रतिवेदनमा उल्लेख भए बमोजिमको मन्तव्य राख्नुभयो ।

१०. मन्तव्य, जिज्ञासा, प्रश्न तथा सुझावहरु उपर छलफलका लागि आह्वान :
निम्न लिखित शेयरधनी महानुभावले साधारण सभाको लागि लिखित रुपमा आफ्नो मन्तव्य, जिज्ञासा, प्रश्न तथा सुझावहरु प्रदान गर्नु भएको थियो ।

१. श्री चन्द्र नारायण श्रेष्ठ, सर्वसाधारण शेयरधनी
कम्पनीले वार्षिक साधारण सभा पुस मसान्तमा नै सम्पन्न गर्ने उद्देश्यले आज बोलाइएकाले श्री चन्द्र नारायण श्रेष्ठले लिखित मन्तव्य मार्फत धन्यवाद ज्ञापन गर्दै आगामी वर्ष प्रतिफलको सुनिश्चितता हुनेगरी कार्य सम्पादन उत्कृष्ट हुनेमा विश्वास गर्नु भयो । आगामी वर्षहरुमा समेत कम्पनीको उन्नती प्रगतीको कामना गर्दै शुभकामना व्यक्त गर्नुभयो ।

२. श्री लक्ष्मण बहाहुर श्रेष्ठ, सर्वसाधारण शेयरधनी

लिखित मन्तव्य मार्फत कम्पनीले वार्षिक साधारण सभा समयमै गरेकोमा धन्यवाद व्यक्त गर्दै आगामी साधारण सभा आ.व. समाप्त भएको ३ महिना भित्रै गर्न आग्रह गर्नुभयो । शेयरधनीहरुलाई नगद लाभाशं वितरण गरेकोमा खुशी व्यक्तका साथै खर्चमा मितव्ययिता अपनाउन सुझाब दिनुभयो । कम्पनीको आफनै कर्पोरेट भवन निर्माणको योजनाका सम्बन्धमा समेत जिज्ञासा राख्नुभयो ।

**३. श्रीमती निरुपमा गुप्ता, सर्वसाधारण शेयरधनी**

लिखित मन्तव्य मार्फत कम्पनीको दशौं वार्षिक साधारण सभा समयमै सम्पन्न गरेकोमा धन्यवाद व्यक्त गर्दै शेयरधनीलाई Double Digit को लाभाशं दिन सकोस भनी श्रीमती निरुपमा गुप्ताले शुभकामना व्यक्त गर्नुभयो । साथै कम्पनीले Corporate Social Responsibility तर्फ पनि केही खर्च गरोस् भन्ने धारणा राख्नु भयो । यसका अलावा कम्पनीको आगामी वर्षको लागि के कस्ता रणनीति र Investment Policy रहेका छन् भनी जिज्ञासा राख्नु भयो ।

**४. श्री इन्द्र प्रसाद लामिछाने, सर्वसाधारण शेयरधनी**

लिखित मन्तव्य मार्फत शेयरधनीहरुलाई नगद लाभाशं वितरण गरेकोमा खुशी व्यक्त गर्दै आगामी वर्षहरुमा दोहोरो अकंको लाभाशं वितरण गर्न आग्रह गर्नुभयो साथै साधारण सभाको मिति पौष भन्दा अगाडीनै गर्नका लागि सुझाव व्यक्त गर्नुभयो ।

**५. श्री नरसिंह लाल चखैं, सर्वसाधारण शेयरधनी**

लिखित मन्तव्य मार्फत कम्पनीको हालको लगानी राम्रो भएता पनि यसले भविष्यमा Return दिने भएकाले Short Term मा पनि नाफामुखी हुने Investment Portfolio Create गर्न सुझाव दिंदै कम्पनीले Cost Effective हुँदै Profit बढ्ने गरि लगानी गर्न आग्रह गर्दै कम्पनीको प्रगतीको कामना व्यक्त गर्नुभयो ।

यसका अलावा अन्य कसैको कुनै पनि जिज्ञासा, प्रश्न तथा सुझावहरु सभामा प्रस्तुत गर्नका लागि प्राप्त नभएको कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको प्रत्युत्तर :**

**वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुले लिखित रुपमा उठाउनु भएको जिज्ञासा, प्रश्न तथा सुझाव उपर अध्यक्षज्यूले दिनुभएको समष्टिगत प्रत्यूत्तरको सारांश :**

कम्पनीले संस्थागत र आर्थिक सुशासनलाई गम्भीर रुपमा लिएर अगाडि बढि रहेको र शेयरधनीलाई उचित प्रतिफल दिन प्रयत्न गरिने व्यहोरा सभालाई जानकारी गराउनुभयो । आगामी दिनहरुमा पनि लगानीका नयाँ क्षेत्रहरु पहिचान गरी लगानी गर्ने, कम्पनीको Investment Policy लाई बजार र अर्थतन्त्रको अवस्थाका आधारमा समय सापेक्ष परिमार्जन गर्दै लाने र दिगो रुपमा शेयरधनीलाई प्रतिफल सुनिश्चित गर्न तर्फ कम्पनी अग्रसर रहेको जानकारी गराउनुभयो ।



Emerging Nepal
इमर्जिङ्ग नेपाल लिमिटेड

**११. प्रस्तावहरुको प्रस्तुति :**

अध्यक्षज्यूको निर्देशन अनुसार कम्पनी सचिवले सभाको काम कारवाहीलाई अगाडि बढाउने क्रममा कम्पनीको आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात, सोहि मितिमा समाप्त आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु एवं सभामा छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची अन्तर्गतका सम्पूर्ण प्रस्तावहरु सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**१२. सभाको निर्णय :**

**(क) सामान्य प्रस्ताव :**

१. सामान्य प्रस्ताव (१) अन्तर्गत आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा आर्थिक वर्ष २०८१/८२ को लागि सञ्चालक समितिको प्रतिवेदन छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

२. सामान्य प्रस्ताव (२) अन्तर्गत लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तसम्मको वासलात र आ.व. २०८१/८२ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्नको लागि राखिएको प्रस्ताव उपर सभामा छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

३. सामान्य प्रस्ताव (३) अन्तर्गत यस कम्पनी तथा कम्पनीको सहायक कम्पनी इमर्जिङ्ग भेन्चर लि. तथा होटल एलिस द वन्डर इन लि. को आ.व. २०८१/८२ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्नको लागि राखिएको प्रस्ताव उपर सभामा छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

४. सामान्य प्रस्ताव (४) अन्तर्गत सञ्चालक समितिले पारित गरे बमोजिम कम्पनीको शेयरधनी महानुभावहरुलाई गत आ.व. २०८१/८२ को अन्त्यसम्मको मुनाफा तथा संचित कोषबाट हाल कायम चुक्ता पूँजी रु.५५,५६,००,०००/- (अक्षरेपी पचपन्न करोड छपन्न लाख मात्र) को ५.२६३१५% बराबरको नगद लाभांश ( कर प्रयोजन सहित) वितरण गर्न स्वीकृत गर्ने सम्बन्धमा उक्त प्रस्ताव निर्णयार्थ सभामा पेश भएकोमा उक्त प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

५. सामान्य प्रस्ताव (५) अन्तर्गत लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८२/८३ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव सभामा प्रस्तुत भएपछि लेखापरीक्षण समितिको सिफारिश बमोजिम आ.व. २०८२/८३ को बाह्य लेखापरीक्षणका लागि श्री **Saru & Associates, Chartered Accountant** नियुक्त गर्ने र बाह्य लेखापरीक्षकले गर्नुपर्ने Certification, Tax Audit लगायतका सम्पूर्ण आवश्यक कार्य गर्नका लागि निजलाई मूल्य अभिवृद्धि कर (VAT) बाहेक रु.१,००,०००/- (अक्षरेपी एक लाख रुपैयाँ मात्र) पारिश्रमिक प्रदान गर्ने प्रस्ताव निर्णयार्थ सभामा पेश भएकोमा उक्त प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।



Emerging Nepal
इमर्जिङ्ग नेपाल लिमिटेड

६. सामान्य प्रस्ताव (६) अन्तर्गत कम्पनीको रजिष्टर्ड कार्यालय स्थानान्तरण भएको संचालक समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा मिति २०८२ मंसिर २ गते बसेको इमर्जिङ्ग नेपाल लिमिटेडको संचालक समितिको १०३ औं बैठकबाट कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा वडा नं. २८, कमलादी स्थित राइजिङ्ग मल, चौथो तल्लामा मिति २०८२ मंसिर ३ बाटै लागु हुने गरी स्थानान्तरण गर्ने निर्णयलाई अनुमोदन गर्ने व्यहोरा सभा समक्ष राख्नुभएकोमा सोलाई सभाले सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गऱ्यो ।

७. सामान्य प्रस्ताव (७) अन्तर्गत कम्पनीको संचालक समितिमा भएको फेरबदल अनुमोदन गर्ने सम्बन्धमा कम्पनीमा नेपाल सरकार अर्थ मन्त्रालयको तर्फबाट प्रतिनिधित्व गर्नुभएका श्री भूपाल बरालको स्थानमा मिति २०८१/११/०९ देखि श्री थान प्रसाद पङ्गानीज्यूले प्रतिनिधित्व गर्दै आउनुभएको, कम्पनीका संचालक समिति अध्यक्ष श्री लालमणी जोशीज्यूको स्थानमा मिति २०८२ जेष्ठ २८ गते देखि संस्थापक शेयरधनी श्री केशव प्रसाद भट्टराईज्यूले संचालको जिम्मेवारी निर्वाह गरिरहनु भएको तथा संचालक श्री चन्द्र टण्डनज्यूले मिति २०८२ आषाढ २४ मा राजीनामा दिनु भए पश्चात उहाँको स्थानमा श्री प्रुडेन्सियल क्यापिटल म्यानेजमेन्ट कम्पनी लि. को प्रतिनिधि सुश्री रक्षा भेटुवालले मिति २०८२ मसिंर २ गतेबाट संचालकमा नियुक्त हुनु भएको सन्दर्भमा कम्पनीको संचालक समितिमा भएको फेरबदल अनुमोदन गर्ने सभाले निर्णय गऱ्यो ।

**(ख) विशेष प्रस्ताव :**

१. विशेष प्रस्ताव (१) अन्तर्गत कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धमा मिति २०८२ मंसिर २८ गते आइतबार बसेको इमर्जिङ्ग नेपाल लिमिटेडको संचालक समितिको १०४ औं बैठकबाट कम्पनीको रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तनको निर्णय भइसकेको सन्दर्भमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा देहाय अनुसारको तीन महले मार्फत संशोधन स्वीकृत गर्ने व्यहोरा सभा समक्ष राख्नुभएकोमा प्रस्तुत तीन महले विवरण सभाले सर्वसम्मतिले स्विकृत गर्ने निर्णय गऱ्यो ।

**इमर्जिङ्ग नेपाल लिमिटेडको नियमावलीमा प्रस्तावित संशोधन/थपको तीन महले विवरण :**

| साविकको व्यवस्था | हालको थप/संशोधन | संशोधनको कारण |
|---|---|---|
| नियम (२) कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना:<br><br>यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. १०, नयाँ बानेश्वरमा रहने छ । साथै, सम्बन्धित निकायको स्वीकृति लिई कम्पनीले आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न सकिने छ । | नियम (२) कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना:<br><br>यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. २८, कमलादी काठमाण्डौंमा रहने छ । साथै, सम्बन्धित निकायको स्वीकृति लिई कम्पनीले आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न, शाखा कार्यालय/सम्पर्क कार्यालय खोल्न, सार्न वा बन्द गर्न सक्नेछ । | कम्पनीको व्यवसायको दृष्टिकोणले सो ठाँउ उपयुक्त देखिएकाले सोही अनुसार कम्पनीको रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गरी नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएकाले । |



Emerging Nepal
इमर्जिङ्ग नेपाल लिमिटेड

**इमर्जिङ्ग नेपाल लिमिटेडको प्रबन्धपत्रमा प्रस्तावित संशोधन/थपको विवरण :**

| साविकको व्यवस्था | हालको थप/संशोधन | संशोधनको कारण |
|---|---|---|
| दफा (२) कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना:<br><br>यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. १०, नयाँ बानेश्वरमा रहने छ । साथै, सम्बन्धित निकायको स्वीकृति लिई कम्पनीले आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न सकिने छ । | दफा (२) कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना:<br><br>यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. २८, कमलादी काठमाण्डौंमा रहने छ । साथै, सम्बन्धित निकायको स्वीकृति लिई कम्पनीले आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न, शाखा कार्यालय/सम्पर्क कार्यालय खोल्न, सार्न वा बन्द गर्न सक्नेछ । | कम्पनीको व्यवसायको दृष्टिकोणले सो ठाँउ उपयुक्त देखिएकाले सोही अनुसार कम्पनीको रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गरी प्रबन्धपत्रमा आवश्यक संशोधन गर्नुपर्ने भएकाले । |

२. विशेष प्रस्ताव (२) अन्तर्गत कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियमनकारी निकाय वा कार्यालयले कुनै फेरवदल संशोधन परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोहि अनुरुप आवश्यक फेरबदल गर्न कम्पनीको संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सभा समक्ष राख्नुभएकोमा सोलाई सभाले सर्वसम्मतिले स्विकृत गर्ने निर्णय गर्‍यो ।

**(ग) विविध**

विषयसूची विविध अन्तर्गत कम्पनीको Lock In , ISIN तथा शेयर स्वामित्व परिवर्तनका सम्बन्धमा नियामक निकायहरु कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट कनै कार्य तथा निर्णयको माग भएमा सो सम्बन्धि कार्य तथा निर्णय गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव निर्णयार्थ पेश भएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिले पारित गर्‍यो । साथै, कुनै विषयका सन्दर्भमा कम्पनीको प्रबन्धपत्र वा नियमावलीमा संशोधन नै गर्नु परे पनि हाललाई संचालक समितिद्वारा निर्णय लिई आवश्यक संशोधन गरि अद्यावधिक गर्ने र आगामी वार्षिक साधारण सभाबाट उक्त संशोधन अनुमोदन गर्ने सर्वसम्मत निर्णय सभाले गर्‍यो ।

उपरोक्त बाहेक छलफलको लागि अन्य कुनै विषय नभएकोले कम्पनी सचिवले उपस्थित सबैलाई धन्यवाद दिँदै सभा विसर्जन गर्न अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो ।

**१३. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

अध्यक्षज्यूले यस सभामा आफ्नो अमूल्य समय दिई सहभागी हुनुभएका सम्पूर्ण शेयरधनी महानुभावज्यूहरु लगायत उपस्थित सम्पूर्ण महानुभावज्यूहरुलाई यस साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गरिदिनु भएकोमा हृदयदेखि नै नमन र धन्यवाद ज्ञापन गर्दै कम्पनीलाई अझ थप उचाईमा पुर्‍याउनको लागि निरन्तर रुपमा आफ्नो राय,



Emerging Nepal
इमर्जिङ्ग नेपाल लिमिटेड

सुझाव एवं मार्गदर्शन प्रदान गर्नुहुने नियामक निकायहरु, आदरणीय शेयरधनी महानुभावज्यूहरु, कम्पनीका सञ्चालकज्यूहरु, तथा सम्पूर्ण कर्मचारीहरुबाट भविष्यमा समेत सहयोग एवं मार्गदर्शन प्राप्त भइरहने अपेक्षा एवं विश्वास राख्दै दशौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

**रमेश भण्डारी**

**कम्पनी सचिव**

**केशव प्रसाद भट्टराई**

**अध्यक्ष**

Emerging Nepal
इमर्जिङ्ग नेपाल लिमिटेड

**मिति : २०८२/०९/२८**